# संयुक्त राष्ट्रसङ्घीय
# मानवअधिकार उच्चायुक्तको कार्यालय, नेपाल

प्रेस विज्ञप्ति - **२०६३ चैत ८**

---

**संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्त लुइस आर्वरद्वारा
तराईमा भएको हत्याका सम्बन्धमा छानबिनको आह्वान**

नेपालमा कम्तीमा २५ जनाको हत्या भएको समाचारले म अत्यन्त दु:खित भएकी छु । प्राप्त रिपोर्टहरूले तराईमा मधेशी जनअधिकार फोरम (मजअफो) र नेपाल कम्युनिस्ट पार्टी (माओवादी)बीच भएका झडपका क्रममा यी मृत्यु, घाइतेहरूका साथै, भएका थिए । मेरी प्रतिनिधिले स्थितिको मूल्याङ्कन गर्न तथा जुन परिस्थितिमा धेरैको हत्या भयो र धेरै घाइते भए त्यसको सो क्षेत्रमा हाल छानबिन गरिरहेका आफ्ना टोलीहरूलाई सहयोग गर्न आज गौरमा घटनास्थलको भ्रमण गरिरहेकी छिन ।

हाम्रा टोलीले २५ जनाको हत्या भएको स्वयंले पुष्टि गर्‍यो, जसमध्ये अधिकांशको बाँसको लाठीको कुटाइबाट भएका चोटबाट मृत्यु भएको जस्तो देखिन्थ्यो । उक्त क्षेत्रमा उल्लेख्य सङ्ख्यामा कानुन कार्यान्वय गर्ने कर्मचारी भएको तथ्यका बाबजुद केहीलाई मात्र घटनास्थलमा तैनाथ गरिएको थियो ।

हत्या तथा अन्य हिंसात्मक घटनाका सम्बन्धमा पूर्ण तथा निष्पक्ष छानबिन सुरु गर्न आवश्यक सबै कदम उठाउन तथा जिम्मेवार पाइएका जोसुकैलाई जवाफदेही ठहर्‍याउन म सरकारी अधिकारीहरूलाई अनुरोध गर्दछु । यस्ता घटनालाई शान्ति प्रक्रिया, जुन नेपाली समाजका सबै क्षेत्रमा मानवअधिकारको चिरप्रतिक्षित उपभोगका लगि अत्यावश्यक छ, लाई खलल पार्न दिइनुहुँदैन । आफ्ना समर्थकहरूले तिनका मतभेदहरूलाई संवादमार्फत् समाधान गर्ने कुराको सुनिश्चित गर्ने दायित्व सबै समूह तथा दलका नेताहरूको हो ।

**For further information contact Mr. Chun B. Gurung at OHCHR-Nepal:
Tel.: 428 0164 (Ext. 320) - Mobile: 98510 16937 or Email: cgurung@ohchr.org**